# निसीखोला गाँउपालिकाका पदाधिकारीहरुको आचार सँहिता २०७५

## प्रस्तावना

नेपालको संविधान बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै संघ, प्रदेश र स्थानीय तहबीच सुमधुर अन्तर सरकार सम्वन्ध कायम गर्नु, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासन युक्त स्थानिय शासनको प्रत्याभुति गर्न,

स्थानीय तहलाई जनताको बिश्वासिलो शासन एकाइका रुपमा स्थापित गर्न, स्थानीय तहबाट समाजका बिभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृति प्रति सम्मान र सहिष्णु भावनाको बिकास गर्न तथा कानुनी राज्य , संघीय लोकतान्त्रीक गणतन्त्रका लाभहरुको न्यायोचित बितरण र दिगो बिकासको अवधारणा लाई मुर्त रुप दिन हामी जनताबाट निर्वाचित पदाधिकारीको आचरण र त्रियाकलापहरु लाई सोहि अनुरुप मर्यादित र नमुना योग्य तुल्याउन,

गाँउपालिकाका जनप्रतिनिधिहरुले गाँउकार्यपालिकाको बैठकबाट पारित गरि यो गाँउपालिकाका पदाधिकारिको आचाँर संहिता बनाई लागु गरेका छौ

## भाग १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो आचाँर सहिंताको नाम "निसीखोला गाँउपालिकाका पदाधिकारीहरुको आचार सँहिता २०७५" रहेको छ ।

(२) यो आचार संहिता गाँउकार्यपालिकाको बैठक बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

(क) अध्यक्ष भन्नाले निसीखोला गाँउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) अनुगमन समिति भन्नाले यस आचार सहिंताको दफा १४ बमोजिम गठित आचार सहिंता अनुगमन समिति सम्झनु पर्दछ ।

(ग) आचार संहिता भन्नाले निसीखोला गाँउपालिकाका पदाधिकारिहरुको आचार संहिता २०७५ सम्झनु पर्दछ ।

(घ) उपप्रमुख भन्नाले निसीखोला गाँउपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(ङ) उपाध्यक्ष भन्नाले निसीखोला गाँउपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(च) कार्यपालिका भन्नाले निसीखोला गाँउकार्यपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(छ) प्रमुख प्रशासकिय अधिकृत भन्नाले निसीखोला गाँउकार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ ।

(ज) गाँउपालिका भन्नाले निसीखोला गाँउपालिका सम्झनुपर्दछ ।

(झ) पदाधिकारी भन्नाले निसीखोला गाँउपालिकाका प्रमुख, उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिकाका सदस्य, अन्य सदस्य, समेत लाई सम्झनु पर्दछ। यस शब्दले गाँउपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेको जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनु पर्दछ।

(ञ) प्रमुख भन्नाले निसीखोला गाँउपालिकाका प्रमुख सम्झनु पर्दछ।

(ट) सभा भन्नाले निसीखोला गााउपालिकाको गाँउसभा सम्झनु पर्दछ।

(ठ) स्थानीय तह भन्नाले गाँउपालिका, नगरपालिका र जिल्लासभा सम्झनु पर्दछ।

## भाग २

## पदाधिकारीका आचारहरु

**३. सामान्य आचारहरुको पालना गर्ने :** पदाधिकारीहरुले पालन तथा अवलम्वन गर्नुपर्ने सामान्य आचारहरु देहाय बमोजिम हुनेछन्।

**३.१ नेपालको स्वतन्त्रता, स्वाधिनता, स्वाभिमान, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ता प्रति प्रतिबद्ध रहदै,**

**(क)** पदाधिकारीहरुले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको अक्षणुतामा प्रतिकुल हुने कार्य गरिने छैन।

(ख) कुनै पनि पदाधिकारीले राष्ट्र बिरुद्ध हुने कार्यमा सघाउ पुचाउने कार्यहरु गर्न वा त्यस्तो कार्यमा सहयोग पुचाउने कार्य गर्ने वा गराइने छैन।

(ग) कुनै पदाधिकारीले पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी गर्नेछौ।

(घ) कुने पनि व्यक्ति वा निकायले जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधिनता, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौहार्दतामा आँच पुचाउने गरि कार्य गरेमा त्यस्तो कार्य निरुत्साहित गर्नेछौ।

**३.२ संघ, प्रदेश र स्थानीय तह बीचको सु -सम्वन्धमा जोड दिँदै,**

**(क)** पदाधिकारीहरुले संघ, प्रदेश र स्थानीय तहबिचको सु सम्वन्ध, कार्यअधिकार क्षेत्र, कार्य प्रणाली वा संस्थागत प्रवन्धमा कुनै आँच पुचाउन वा दखल दिन वा अन्तर सरकार सम्वन्धमा खलल पार्ने कुनै क्रियाकलाम गर्न वा वक्तव्य वा प्रकाशन वा प्रचार प्रसार गरिने छैन।

(ख) कुने पनि आधारमा स्थानीय तहका बासिन्दाहरु लाई भेदभाव गर्ने वा समान सुरक्षा, सेवा, सुबिधा र संरक्षण बाट वञ्चित गरिने छैन।

तर महिला बालबालिका, अपांगता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक लगाएत पछि परेका बर्ग, क्षेत्र तथा समुदायको हकहितका लागि बिशेष व्यवस्था गर्न प्रतिवद्ध रहनेछौ।

(ग) अन्तर स्थानीय तह तथा अन्तर सरकार वस्तु वा सेवाको निर्वाध आवागमनलाई कुनै वाधा गरिने वा भेदभाव गरिनेछैन।

**३.३ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, स्वशासन र स्वायत्त शासन, सघं प्रदेश र स्थानिय तहबाट राज्यशक्तिको प्रयोग तथा विश्वव्यापी मानव अधिकार र मौलिक अधिकारका मान्य सिद्धान्तको प्रवर्द्धन गर्न,**

**(क)** जनतामा निहित सार्वभौमसत्ता, स्वशासन तथा स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग, सघिंय, लोकतान्त्रिक गणतन्त्रका मान्य सिद्धान्तहरु लाई उच्च सम्मान र आत्मसात गरिनेछ ।

(ख) संघीय लोकतान्त्रिक प्रणाली, स्थानीय स्वायत्तता र तल्लो तहमा अधिकारको विकेन्द्रकिरणका सिद्धान्तहरु तथा निती लाई अनादर गर्ने, जनता प्रतिको उत्तरदायित्व लाई अस्वीकार गर्ने, अबहेलना गर्ने, अन्तरसरकार सम्वन्ध एंव स्थानीय तहहरु र साझेदार संघ, संस्था संगको कानुन बमोजिमको सम्वन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, बक्तव्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुदैन ।

**३.४ साधन स्रोतको दुरुपयोग नगर्ने :**

क) कानुन बमोजिम आफुले पाउने सेवा सुविधा बाहेक स्थानीय तहको साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारले मास्न, उपभोग गर्न र दुरुपयोग गर्ने गराउने छेनौ ।

ख) कुनै पनि पदाधिकारीले सार्वजनिक स्रोतको प्रयोग गर्दा अधिकत्तम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नेछौ ।

**३.५ आफ्नो जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,**

(क) कुनै पनि पदाधिकारीले कानुनले तोकिए बमोजिमका पदाधिकारीहरु लाई पूर्व जानकारी नदिई आफ्नो सेवा दिने स्थान छोडि अन्यत्र जानु हुँदैन ।

(ख) पदाधिकारीले प्रचलित कानुन तोकिए भन्दा बढी समयका लागि आफ्नो कार्यक्षेत्र छोड्नु पर्दा वा कार्य क्षेत्रभन्दा बाहिर जानुपर्ने भएमा कानुनले तोके बमोजिमका जनप्रतिनिधि वा पदाधिकारीलाई आफ्नो पदको अख्तियारी नदिई जानु हुँदैन ।

**३.६ गैर कानुनी आश्वासन लाई निरुत्साहित गर्ने,**

(क) संविधान तथा प्रचलित कानुनले दिएको अधिकार क्षेत्रभन्दा बाहिरका काम गरिदिन्छु भनी कसैलाई आश्वासन दिनु हुँदैन ।

(ख) कानुन बमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक भन्झट थप्ने वा आफ्नो अधिकार क्षेत्र बाहिरको काम गरिदिन वा गराई दिनेछु भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वा गराउनु हुँदैन ।

(ग) स्थानीय तहका पदाधिकारीहरुले ऐनले तोकिएको योजना तर्जुमा प्रक्रियाको जानकारी नदिई कुनै व्यक्ति, संस्था वा समुदायलाई स्थानीय तहको योजना बाहेकका कुनै कार्यक्रम वा योजना स्वीकृत बाहेक को कुनै कार्यक्रम वा योजना गरिदिन वा गराईदिने आश्वासन दिनु हुँदैन ।

(घ) आफ्नो लागि वा अरु कसैको लागि अनुचित लाभ पुग्ने गरी पदको दुरुपयोग गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

**३.७ राजनिजिक आस्थाका आधारमा भेदभाव पूर्ण कार्य नगर्ने,**

(क) राजनितिक आस्था वा बिचारका आधारमा कार्यपालिका वा सभाका सदस्यहरु वा कर्मचारीहरु वा सेवाग्राही तथा आम नागरिकहरु सँग तेरोमेरो भावना राखी कुनै कार्य गर्नु/गराउनु हुदैन ।

(ख) आफु सम्वद्ध राजनितिक दल वा सम्वद्ध कुनै निकाय वा संघ संस्थालाई मात्र लाभ पुग्ने वा सुविधा हुने गरि कुनै निर्णय वा योजना वा कार्यक्रम कार्यान्वयन गरिने छैन ।

**३.८ सामाजिक सौहार्दता र समावेशीकरण प्रति दृढ संकल्पित रहने,**

(क) सामाजिक सद्भाव तथा सौहार्दता खल्बल्याउने गरी कुनै कार्य गर्न नहुने : बिभिन्न जातजाती धर्म, वर्ग, क्षेत्र, सम्प्रदाय बीच सामाजिक सद्भाव र सौहार्दता खल्वल्याउने कुनै काम वा अन्य कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन । कुनै सम्प्रदाय बीचको सु सम्वन्धमा खलल पर्ने गरि क्रियाकलाप गर्नु गराउनु र प्रचार प्रसार गर्नु गराउनु हुदैन ।

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नु हुदैन । कुनै बिचार व्यक्त गर्दा जातिय, धार्मिक, सांस्कृतिक वा सामाजिक बिद्धेषवा धार्मिक भेदभाव जलाउने खालका काम कुरा गर्ने वा उखान टुक्का प्रयोग गर्ने वा कुनै जाती। धर्म, संस्कृति वा समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शब्द वाणीहरुको प्रयोग गर्नु हुँदैन ।

(ग) कुनैपनि जातजाती, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा भेदभाव गर्नु हुँदैन तथा सवै समुदायका कानुनी हकहित र मौलिक संस्कृति प्रति बोली र व्यवहार दुवै तवर बाट प्रतिकुल असर पर्ने गरी कार्य गर्नु गराउनु हुँदैन ।

(घ) कुनै पनि समुदायको परम्परा देखि को धर्म अवलम्वन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नुपर्नेछ ।

तर आफ्नो क्षेत्रभित्र कसैको धर्म परिवर्तन गर्ने गराउने कुनै पनि क्रियाकलाप हुन दिनु हुदैँन ।

(ङ) कुनै विदेशी नागरिकवा संस्थाले नेपालको सभ्यता, नेपाली जनताबिचको सद्भाव बिगार्ने वा भडकाउने काम गरेको वा गर्ने लागेको जानकारी भएमा तत्काल सम्वन्धित निकायमा सुचित गर्नु पर्नेछ ।

**३.९ पदाधिकारीबिच कार्यजिम्मेवारीको न्यायोचित बाँडफाँड गर्ने :**

क) पदाधिकारीहरु बिच जिम्मेवारी अधिकार वा सुबिधा वा दायित्व बाँडफाँड गर्दा राजनितिक दलसँगको सम्वद्धता वा राजनितिक आस्था वा महिला वा पुरुष वा सामाजिक समावेशिकरणका आधारमा भेदभाव गर्नु हुँदैन ।

तर कानुन बमोजिम बिशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन ।

**३.१० कसैको स्वाभिमान  अस्तित्वमा कुनै आँच आउन नदिने,**

(क) पदाधिकारीले सबैसँग शिष्ट र मर्यादित बाणी तथा शब्दको प्रयोग गर्नुपर्नेछ । शालिन र स्वाभाविक सामाजिक आचार हरु गर्नुपर्नेछ । जनतासँग हार्दिक, नम्र र आदार पूर्वक व्यवहार गर्नुपर्नैछ ।

(ख) पदाधिकारी बाट कार्यपालिका र सभाका सदस्यहरु , स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा एक अर्काप्रति झठा लाञ्छना लगाउने, रिस, राग द्धेष राख्ने तथा एकअर्काको बिषयमा अप्रासांगिक टिकाटिप्पणी गर्नु वा अतिसयोक्ति पुर्ण अभिव्यक्ति दिइने छैन ।

(ग) पदाधिकारीले निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सेवा ग्राहि प्रति राम्रो व्यवहार र शिष्ट भाषा प्रयोग गर्नुछन ।

(घ) पदाधिकारीले संस्थागत रुपमा कुनै धारण व्यक्त गर्दा स्थानीय तह, यसका निर्णयहरु वा कुनै पदाधिकारी वा कर्मचारी हरु होच्याउने वा अनादर गर्ने भाषा वा अभिव्यक्ति दिनु वा दिन लगाउनु हुँदैन ।

(ङ) पदाधिकारी तथा कर्मचारी बिच एक अर्काको नाम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्ने वातावरण सिर्जना गर्नु पर्नेछ ।

(च) पदाधिकारीरुले एकअर्काको व्यक्तिगत रुपमा टिका टिप्पणी गर्नु हुदैन तर पदाधिकारीले काम सँग सम्वन्धित बिषयमा स्वस्थरुपमा एक अर्काका कमीकमजोरी तथा सवल पक्षहरु लाई औल्याउन कुनै वाधा पुग्ने छैन ।

(छ) पदाधिकारीहरुले एक अर्काका बिषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथा टिप्पणीहरु राख्नुपर्ने र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नुपर्नेछ ।

**३.११ सामाजिक मान्यता बिरुद्धका आचारहरु निरुत्साहित गर्ने,**

(क) कार्यालय समयमा वा पदिय कामका सिलसिलामा मादक वा लागु पदार्थको सेवन गर्नु हुदैनँ । कार्यलय हप्ता भित्र तथा सार्वजनिक सभा, समारोह, बैठक आदि स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सुर्ति, गुट्का वा पान सेवन गर्नु हुँदैन ।

(ख) अन्धबिश्वास, अपसंस्कृति, रुढीवादजस्ता पुरावत एवम् अवैज्ञानीक मानयता तथा चालचलन बिरुद्धको सामाजिक रुपान्तरण प्रकृयामा सक्रिय सहभागिता जनाउने किसिमका कार्यहरु गर्नु पर्नेछ ।

(ग) पदाधिकारीहरुले सार्वजनिक स्थल तथा खुला ठाँउमा जुवा, तास खेल्ने बाजी लगाउने आदि जस्ता व्यवहारहरु गर्नु हुँदैन ।

(घ) पदाधिकारीहरुले कानुनत : मानव अधिकारले हनन ठहरिने, कानुनले वन्देज लगाएका तथा सभा वा कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सामाजिक मर्यादा विपरितका भनि तोकेका समुदायमा प्रचलित कुरितिहरुले बढावा पाउने व्यवहार गर्नु हुँदैन ।

(ङ) बिभिन्न जातजाती वा धर्म सम्प्रदायका प्रचलित सामाजिक संस्कारहरु जस्तै बिवाह, ब्रतवन्ध, पास्नी, जन्मत्सोव, भोज आदिमा समदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नु हुदैँन र तडक भडक गर्न अरुलाई प्रोत्साहन  गर्नु हुँदैन ।

(च) पदाधिकारीको हैसियतले कुनै निर्णय गर्दा राजनितिक, सामाजिक आर्थिक वा कुनै पनि आधारमा तेरो मेरो भन्ने पक्ष नलिई तटस्थ भुमिका निर्वाह गर्नुपर्दछ ।

(छ) लिङ्ग, उमेर भाषा, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव जनाउने गरि अरुको सामाजिक संस्कार वा वर्गीय हकहितका बिषयहरुमा नकारात्मक टिप्पणी गर्नु हुदैन ।

(ज) पदाधिकारीले आफ्नो क्षेत्रभित्र बिद्यमान सामाजिक कुरिति था कु संस्कारका रुपमा रहेका बालबिबाह, बहुविवाह, लैगिंक हिँसा, छाउपडि, बोक्सा, बोक्सी , दहेज दाइजो, छुवाछुत, जातीगत उचनिचता, व्यक्तिगत घटना नगर्ने प्रवृत्ति, खोप नलगाउने अवस्था, खुला दिशा आदि जस्ता प्रथा प्रचलन लाई निर्मुल गर्न सक्रिय हुनु पर्नेछ ।

**३.१२ स्थानिय तहबाट प्रदान गर्ने सेवा, सुविधा, निर्णय प्रक्रिया र सुचनामा जनताको पहुँच बढाउन ,**

(क)प्रत्येक नागरिकलाई सरोकार हुने सेवा सुविधा र निर्णय बारे सुचना माग भएमा अपलब्ध गरोउनु पर्नेछ ।

चर प्रचलित कानुन तथा  आचार संहितामा उल्लेख भएको तरिकाले बाहेक कुनै पदाधिकारी, व्यक्ति वा समुहलाई आर्थिक कारोवारमा लाभ वा हानी पूग्ने, कसैको सम्पत्ति वा जिउ ज्यान मा हानी नोक्सानी पूग्ने सुचनाहरु र गोप्य राख्नु पर्ने कुरा प्रसारण वा सार्वजनिक गर्नु वा गराउनु वा उपलब्ध गराउनु हुँदैन ।

(ख) शान्ति, सुरक्षा , राष्ट्रिय अखण्डता, समुदायहरुको सौहार्द सम्वन्धमा खलल पर्ने खाले सुचनाहरु सार्वजनिक गर्नु वा गराउनु हुँदैन ।

**३.१३ वदनियत तथा अनधिकृत काम गर्न गराउन बाट रोक्ने ।**

(क) प्रचलित कानुन बमोजिम आफलाई प्राप्त अधिकारको प्रयोग गर्दा वदनियत वा स्वेच्छाचारी रुपमा गर्नु वा गराउनु हुँदैन । यस्तो अधिकारको प्रयोग खुला एंव सहभागिता मुलक रुपमा छलफल गरि गर्नु पर्नेछ ।

(ख) आफु वा अन्य कुनै व्यक्ति वा संस्था बाट अन्य पदाधिकारी वा कार्यालय, सघं संस्था वा कर्मचारी वा ब्यक्तिलाई अनधिकृत काम गराउनु हुदैन ।

**३.१४ लैङ्गिक समानताको प्रवर्द्धन गर्ने :**

(क) कसैलाई लिङ्गको आधारमा भेदभाव झल्कने कुनै कार्य गर्नु हुँदैन ।

(ख) लिङ्गको आधारमा कसैको क्षमतामाथि आँच आउने गरि कुनै काम काज गर्ने निति कानुन वा संरचना बनाइने छैन ।

(ग) फरक लिङ्गका पदाधिकारी, कर्मचारी, सेवाग्राही तथा आम नागरिक प्रति अस्वस्थ आलोचना गर्ने, जिस्काउने, तथा उनिहरुको मनोवल घटाउने खालका अभिव्यक्ति दिने, दिन लगाउने वा कुनै पनि माध्यमबाट कुनै यौनजन्य दुराशय हुने खालका कुनै कामकारवाही, गर्न गराउन वा यौनजन्य अस्लिल तस्विर हरु प्रकाशित गर्ने, प्रदर्शन गर्ने, आशय देखाउने, अनुचित लाभका दृष्टिले काममा अल्झाउने जस्ता हैरानी पार्ने व्यवहार गर्नु वा गराउनु हुँदैन ।

(घ) लेखेर, बोलेर,भाषण गरेर वा जुनसुकै माध्यम बाट पनि महिला तथा पुरुष बिचमा भेदभाव जनाउने खालका काम वा व्यवहार गर्न वा उखान टुक्का, थेगो वा शव्दशरुको प्रयोग गर्नु गराउनु हुँदैन ।

(ङ) लैङ्गिक आधारमा भएका घरेलु हिंसा र भेदभावका घटनाहरु लाई लुकाउने र गोप्य राख्ने कार्य गर्ने वा सहयोग पुचाउन गर्नु गराउनु हुँदैन ।

**३.१५ बालबालिकाको सर्वाङ्गिण बिकास र हकहित प्रति सचेत रहने :**

(क) बालवालिकाको सार्थक सरोकारका बिषय तथा स्थानीय बिकास र शासन प्रक्रियामा बालबालिकाको सार्थक सहभागिता लाई होच्याउने वा अवमुल्यन गर्ने बिचार अभिव्यक्ति दिन वा त्यस्तो व्यवहार गर्न गराउन हुदैन ।

(ख) आफ्नो परिवारका बाल श्रमिक राख्नु हुँदैन । समुदायमा बालश्रम वा बालशोषण लाई संरक्षण र प्रोत्साहन हुने कुनै किसिमका क्रियाकलाप गर्न गराउन पाइने छैन ।

**४ सार्वजनिक सम्पत्तिको प्रयोग तथा सुविधा सम्वन्धि आचारहरु :**

**सार्वजनिक सम्पत्तिको प्रयोग तथा सुविधा सम्वन्धमा देहायका आचारहरु पालना गर्न प्रतिवद्धता व्यक्त गर्दछौ ।**

४.१ पदाधिकारि तथा कर्मचारीको सुविधाका लागि छुट्याईएको सेवा वा सुविधा वा भत्ता आफ्नो आन्तरिक श्रोतको कति अंश हुन आउछ भन्ने एकिन गरि सभामा छलफल गरि आम नागरिकलाई जानकारी दिई किफायति रुपमा न्युनतम सुविधाको व्यवस्था गरिनेछ ।

४.२ पदाधिकारीले कानुन बमोजिम तथा कार्यलयको काममा बाहेक स्थानीय तहको मानविय आर्थिक भौतिक, साधन श्रोतको आफु वा अन्य कुनै व्यक्ति बाट प्रयोग वा उपयोग गर्नु वा गराइने छैन ।

४.३ आफ्नो पदिय ओहदाको आधारमा कुनै समिति, संस्था वा व्यक्तिहरु बाट निजि सेवा तथा सुविधाहरु लिन वा लिन लगाइने छैन ।

४.४ स्थानीय तहको सेवा प्राप्त गरे वा सार्वजनिक सम्पत्तिको प्रयोग गरेवापत् पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्ति वा संस्थाले कानुन बमोजिम तिर्नु बझाउनु पर्ने, कर शुल्क, सेवा शुल्क दस्तुर, भाडा बुझाउन बाट छुट लिनेदिने गरी निर्णय गर्नु वा गराउनु हुँदैन ।

४.५ स्थानीय तहका पदाधिकारीहरुले आफुले प्राप्त गर्ने सुविधाहरुको विवरण आम जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ ।

**५. नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा पालना गर्नुपर्ने आचारहरु :** नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्दा देहायका आचरणहरुको पालना गर्न गराउन देहाय बमोजिम गर्नु पर्नेछ ।

**५.१ निर्णय प्रकियामा भाग लिनुपुर्व बैठकमा जानकारी दिनुपर्ने : (१)** पदाधिकारीले आफु समेत संलग्न भई कुनै निर्णय गर्नुपर्ने बैठकमा छलफलमा भाग लिनुपुर्व देहाय बमोजिमका सुचनाहरु दिनुपर्नेछ :

(क) स्थानीय तहको भर्ना प्रकृया, खरिद ,बिक्री वा ठेक्का पट्टाको निर्णय प्रकृया, कुनै किसिमको दण्ड जरिवाना वा मिनाहा गर्ने निर्णय प्रकृया, कुनै पक्षसंगको सम्झौताको म्याद थप वा खारेजीका बिषयमा वा त्यस्तै कुनै निर्णय गर्नुपर्ने बिषय सँग समवन्धित व्यक्तिसँग आफ्नो कुनै स्वार्थ वा रिसवी वा लेनदेन वा अन्य कुनै प्रकारको नाता सम्वन्ध रहेको भए सो कुरा,

(ख) स्थानीय तहको निति निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभ वा हानी हुने व्यक्ति संस्थां पक्ष वा कम्पनी संग लिनुदिनु भए सोको विवरणहरु ,

(ग) कुनै पेशा वा व्यवसायिक संघ संस्था पदाधिकारीको प्रतिनिधित्व, लगानी, शेयर, हित वा स्वार्थभए सोको विवरण र त्यस्तो काममा लगाउने संस्था सम्वन्धि विवरण,

(२) यदी कुनै पदाधिकारीको निर्णय गर्नुपर्ने पक्ष वा बिषयसंग सम्वन्ध रहेछ भने बैठकको अध्यक्षले त्यस्तो पदाधिकारीलाई बैठकको निर्णय प्रक्रियामा तटस्थ रहन वा भाग नलिनका लागि निर्देशन गर्नुपर्नेछ ।

(३) पदाधिकारीले कुनै बिकास निर्माण कार्यको लागि गठन हुने उपभोक्ता समितिमा रही कार्य गर्नु हुदैन ।

**५.२ सहभागितामुलक तथा पारदर्शीरुपमा नीति निर्माण र निर्णय गर्ने :**

**(क)** पदाधिकारीहरुले योजनाको छनौट प्राभमिकिकरण, कार्यान्वयन, अनुगमन, मुल्याङनका बिषयहरुमा लाभग्राही, उपभोक्ता तथा सरोकारवाला समुहको. व्यापक सहभागिता र प्रतिनिधित्व गराएर निर्णय गर्नुपर्नेछ ।

(ख) स्थानीय तहबाट निर्णय दिनुपर्ने बिषयहरु, नियुक्ति वा सेवा सुविधा दिने लिने बिषयका कुराहरु पारदर्शी रुपमा गर्नुपर्नेछ ।

(ग) स्थानिय तहका बैठकहरु आम जनताका लागि खुला गर्न उचित प्रकृयाहरु निर्धारण गर्नुपर्नेछ ।

(घ) निर्णय गर्दा कानुनले तोकेको अवधिभित्र निर्णय गर्नुपर्नेछ । कानुनले समय नतोकेको अवस्थामा बिषयको प्रकृति हेरी यथासम्भव छिटो र उपयुक्त समयावधि भित्र निर्णय गर्नुपर्नेछ ।

तर कुनै कारणले निर्णय गर्न लाग्ने समयावधि लम्विने भएमा वा निर्णय गर्न नसकिने भएमा सोको तथ्यपूर्ण जानकारी सम्वन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(ङ) पदाधिकारिले नागरिक वा सेवाग्राही लाई नअल्मल्याउने  गरी स्पष्ट राय तथा सल्लाह दिनु पर्नेछ ।

**६. पुरस्कार, उपहार, दान, चन्दा वा निजी सेवा, सुविधा र लाभ ग्रहण सम्वन्धि आचरण :** पुरस्कार, उपहार, दान, चन्दा वा निजी, सेवा सुविधा, र लाभ ग्रहण सम्वन्धमा देहायका आचरणहरुको पालना गर्न गराउन प्रतिवद्ध रहदै,

(क) कानुन बमोजिम आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा कसै बाट कुनै प्रकारको नगद वा सेवा सुविधाको रुपमा उपहार, पुरस्कार चन्दा लिनु हुदैन । त्यस्तो सेवा सुविधा दिन का लागि बाध्य पार्ने कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन ।

(ख) स्थानीय तहसँग कुनै खास बिषयमा स्वार्थ निहित भएको वा सम्भाव्य स्वार्थ भएको कुनै पनि व्यक्तिबाट कुनै प्रकारको मैत्री व्यवहार र आमन्त्रण, भोजभतेर, खानपिन, मनोरञ्जन, बसोवास, भांडा, सुविधा आदि लिनु वा दिनु हुदैन ।

७. सामुदायिक संघ संस्था निजी क्षेत्र, बिकास साझेदार, गैर सरकारी संस्थासंगको साझदारी : बिकास साझेदार गैर सरकारी संस्था, सामुदायिक संघ संस्था, निजी क्षेत्रसंगको साझेदारी गर्दा देहायका आचरणहरुको पालना गर्न प्रतिबद्ध रहदै,

(क) बिकास साझेदारी निकाय, गैर सरकारी संस्था, सामुदायिक संघसंस्था, निजी क्षेत्रसंग सँस्थागत सम्वन्ध र समन्वय प्रवद्धन गरिनेछ । व्यक्तिगत लाभहानीका आधारमा व्यवहार गरिनेछैन ।

(ख)बिकास साझेदारी निकाय, गैर सरकारी संस्था, सामुदायिक संघ संस्था, निजी क्षेत्रसँगको आफ्नो क्षेत्रभित्रको योजना, कार्यक्रम बजेट, तथा प्रतिवेदन कार्यलाई एकीकृत रुपमा अगाडी बढाइनेछ ।

८. निष्पक्षता, सम्मान र कदरपुर्ण व्यवहार सम्वन्धि आचारणहरु : पदाधिकारीले आफ्नो कार्यसम्पादन गर्दा, निष्पक्षता, सम्मान र कदरपूर्ण रुपमा गर्न देहायका आचारणहरुको पालना गरिनेछ ।

(क) स्थानीय तहको संस्थागत एंव कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिबृद्धि गर्न प्रयत्नशील रहने ।

(ख) पदाधिकारीले पदिय कर्तव्य निर्वाह गर्दा बाह्य वा आन्तरिक क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले आउने प्रभाव, प्रलोभन, दबाव, भनसुन, धम्की, आग्रह आदिबाट प्ररित वा प्रभावित नभई कार्य सम्पादन गर्ने ।

(ग) आफ्नो पदिय कर्तव्य पुरा गर्दा मोलाहिजा नराखी निर्भिक र स्वतन्त्रता पुर्वक कार्य सम्पादन गर्ने गराउने ।

(घ) कुनै कर्मचारिलाई कार्य सम्पादनको सिलसिलामा अनुचित प्रभाव पार्न र दवाव नदिने ।

(ङ) कर्तव्य पालना गर्दा जानकारीमा आएको कानुन बमोजिम गोप्य राख्नुपर्ने बिषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रकाशन गर्न वा गराउन नहुने ।

(च) पदाधिकारीले आफुले गर्ने काम निर्धारित समयभित्र सम्पादन गरिनेछ । कानुन बमोजिम सम्पादन गर्नुपर्ने काम समयभित्रै सम्पन्न नगरि आफुले गर्ने काम पान्छाउन नहुने ।

९. अन्य आचारणहरु : अन्य आचारणहरु देहाय बमोजिम गर्न प्रतिवद्ध रहनेछौ ,

(क) आफ्नो समितिको विवरण तोकिएको समयभित्र सम्वन्धित निकायमा बुझाई सार्वजनिक गर्नु पर्नेछ ।

(ख) स्थानीय तहको काममा कुनै प्रकारको असर पर्न सक्ने गरि वा संविधान र प्रचलित कानुन बिपरित हुने गरि स्थानीय तहको स्वीकृति बिना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफुले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई त्यस्तो बिषय स्वीकार गर्न लगाउनु हुदैनँ । बिदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हन आएमा स्थानीय तहमा सो कुराको सुचना दिई निर्णय भए बमोजिम गर्नु पर्नेछ ।

(ग) स्थानीय तहको पुर्व स्वीकृति बिना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हंदैन ।

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको काम कारवाही प्रतिकुल प्रभाव पर्ने गरि कुनै पत्रपत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकासन गर्न, अनलाइन समाचार माध्यम वा सामाजिक सञ्जाल वा रेडियो वा टेलिभिजन द्धारा प्रसारण गर्न गराउन हुँदैन ।

(ङ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको नितिको बिरोधमा सार्वजनिक भाषण दिन वा कुने वक्तव्य प्रकाशन गर्न हुँदैन ।

(च) मुलुकि ऐन विहावारीको महलमा विपरित हुने गरि विवाह गर्न गराउनु हुंदैन ।

(छ) बिदेशी मुलुकको स्थायी बसोवास तथा डि.भि को लागि आवेदन गर्नु हुँदैन ।

(ज) पदाधिकारीले पदिय मर्यादामा आँच आउने गरि कुनै समुह वा व्यक्तिसँग कानुन विपरित वार्ता गर्ने, सम्झौता गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

भाग ३

प्रचलित कानुन बमोजिम पालना गर्नुपर्ने आचारहरु

१०. प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन : (१) नेपालको संविधान, प्रचलित सघीय तथा प्रदेश कानुन अदालतको निर्णय वा आदेश तथा कानुन बमोजिम सँघ वा प्रदेशले दिएको निर्देशनको सम्मान र पालना गर्न र सोको तत्परता पुर्वक प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(२) प्रचलित कानुन बमोजिम पदाधिकारीहरुले सम्पत्ति विवरण बुझाउने तथा सार्वजनिक गरिनेछ ।

(३) पदाधिकारीले प्रचलित कानुन बमोजिम स्थानीय तहको बेरुजु तथा पेश्की फर्छ्यौटको कार्यमा जिम्मेवारी बहन गर्नु पर्नेछ ।

११. अख्तियार दुरुपयोग तथा भष्ट्राचार निवारण सम्वन्धि कानुनको कार्यान्वयन सहयोग : (१) स्थानिय तहका पदाधिकारीहरुले प्रचलित कानुन बमोजिम भष्ट्राचार वा अख्तियारको दरुपयोग हुने किसिमका आचारहरु गर्नु वा गराउनु हुँदैन ।

तहका पदाधिकारीहरुले प्रचलित कानुन बमोजिम भष्ट्राचार वा अख्तियारको दुरुपयोग हुने किसिमका आचारहरु गर्नु वा गराउनु हुँदैन ।

(२) स्थानीय तहमा प्रचलित कानुन बमोजिम अख्तियारको दुरुपयोग ठहरिने कुनै काम वा व्यवहार भएमा सम्वन्धित निकायमा जानकारि दिनुपर्नेछ र सम्वन्धित निकायबाट हुने छानविन, अनुसन्धान तथा जाँचबुझमा सहयोग गर्नुपर्नेछ ।

(३) स्थानीय तहका पदाधिकारीहरुले आफ्नो ओहदाको आधारमा प्राप्त सुविधाहरु निर्वाचन प्रचार प्रसार वा सो सँग सम्वन्धित प्रयोजनका लागि आफु वा अरु कसैबाट प्रयोग गराउन को लागि दिनु हुँदैन ।

(४) निर्वाचन प्रयोजनका लागि यस्तो सुविधा दिन वा लिनका लागि स्थानीय तहहरु बाट संस्थागत रुपमा कुनै निर्णय गर्नु वा गराउनु समेत हुँदैन ।

१३. आचार संहिताको कार्यान्वयन लागि आवश्यक सहयोग गर्नुपर्ने : (१) आचार संहिताको कार्यान्वयन तथा सार्वजनिकरणका लागि देहायका उल्लेखित व्यवस्थाहरु गर्नुपर्नेछ ।

(क) आचार संहिताको कार्यानवयन समितिको व्यवस्था गर्ने : कार्यपालिकाको प्रमुखवा कार्यपालिकाले ताकेको सदस्यको संयोजकत्वमा आचार संहिता कार्यान्वयन समिति गठन गर्नेछ । सो समितिले नियमित रुपमा आचार संहिता कार्यान्वयनको पक्षलाई सहयोग पुचाई कार्यपालिकाको बैठकमा नियमित प्रतिवेदन दिनु पर्नेछ ।

(ख) अनुगमन समितिलाई सहयोग पुचाउनु पर्ने : (१) यस आचार संहिताको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन समितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनेछ ।

(२) पदाधिकारिले आफ्नो कार्यबिभाजन तथा कार्यसम्पादन नियमावलीको व्यवस्था बमोजिम जवाफदेही, पारदर्शी सेवा प्रवाहको प्रवन्ध गर्न देहाय बमोजिम गर्न गराउन आवश्यक व्यवस्था गर्नु पर्नेछ,

(क) नागरिक वडापत्र बमोजिम कार्य सम्पादन गर्नुपर्ने, नागरिक वडापत्र सम्वन्धित सवैको जानकारिका लागि सवैले देख्ने ठाँउमा टाँस गर्नु गराउनु पर्नेछ ।

(ख) स्थानीय तहले नागरिक वडापत्रमा उल्लेख भए अनुसार छिटो छरिदो सेवा प्राप्त नभएमा सो उपर गुनासो सुनुवाई हुने र छानविन बाट सेवा ग्राही पक्षलाई कुनै क्षति वा हैरानी व्यहोर्नु परेको देखिएमा पिडित पक्षलाई उचित उपचार र क्षतिपुर्ति उपलब्ध हुने व्यवस्था गर्नु गराउनु पर्नेछ ।

(३) कुनै पनि पदाधिकारीले आँफु कँहा आउको गुनासो तत्कालै सुन्ने व्यवस्था मिलाई फछ्र्यौट गर्नु पर्नेछ ।

## भाग ४

## आचार संहिताको पालना गर्ने गराउने व्यवस्था

**१४ आचाँर संहिता अनुगमन समितिको गठन : (१)** कुनै पदाधिकारिले यस आचांर सहिंता तथा अन्य प्रचलित संघीय, प्रदेश र स्थानीय कानुन बमोजिम पालना गर्नुपर्ने आचारहरु उल्लघंन गरे नगरेको सम्वन्धमा जाँचबुझ तथा अनुगमन गर्नका लागि सभाले सभाका सदस्यहरु मध्ये बाट देहाय बमोजिमका पदाधिकारि रहेको एक आँचार संहिता अनुगमन समितिको गठन गरिनेछ ।

(क) सभाका सदस्यहरुले आफुमध्येबाट छनौट गरेको एक जना — संयोजक

(ख) सभाका सदस्यहरुले आफुमध्ये बाट छनौट गरेको कम्तीमा एक जना महिला सहित दुई जना — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको स्थानीय तहको एक जना अधिकृत कर्मचारि — सदस्य सचिव

(२) अनुगमन समितिका संयोजक, सदस्य तथा सचिवमाथि नै यस आचाँर संहिताको उल्लंघनमा उजुरी परी निर्याय गर्नुपर्ने अवस्था भएमा सो बिषयको छलफल। जाँचबुझ तथा निर्णय प्रक्रिया निज सहभागि हुन पाउने छैनन् ।

(३) यस आँचार संहिताको संयुक्त रुपमा उल्लघंन गरेको भनी अनुगमन समितिका संयोजक, सदस्यहरु तथा सचिवमाथि कुनै उजुरि परेकोमा त्यस उपर सम्वन्धित कार्यसमितिले छानविन गरी त्यसपछि बस्ने सभाको बैठकमा पेश गर्नुपर्नेछ ।

(४) अनुगमन समितिका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ । यस समितिका सदस्यहरु लगातार दुई कार्यकाल भन्दा बढीका लागि निर्वाचित हुन सक्ने छैनन् ।

तर स्थानीय तहको कार्यकाल समाप्त भएको अवस्थामा यस समितिको पदावधि स्वत : समाप्त भएको मानिनेछ ।

**१५. अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार :** (१) अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ,

(क) कुनै पदाधिकारीले आँचार संहिता उल्लघंन गरे, गाँउपालिकाको सम्वन्धमा उजुरी परेमा वा जानकारी हुन आएमा सो उपर जाँचबुझ तथा छानविन गर्न सक्ने ।

(ख) जाँचबुझ तथा छानविनका सिलसिलामा समाव्हान जारी गर्ने र साक्षी प्रमाण बुझ्ने अधिकार हुने ।

(२) अनुगमन समितिका सदस्यहरुले स्थानीय तहको सिफारिस तथा आमन्त्रणमा सथानीय तहको जुनसुकै बैठकमा उपस्थित भई आफ्नो कामका बिषयमा जानकारि दिन सक्नेछन् ।

(३) अनुगमन समितिको कामको लागि आवश्यक जनशक्ति, काम गर्ने ठाँउ सामाग्री तथा उचित बातावरण बनाईदिने जिम्मेवारी सम्वन्धित स्थानीय तहको हुनेछ ।

**१६. अनुगमन समितिको बैठक तथा कार्यबिधि :** (१) अनुगमन समितिको कार्य सञ्चालन बिधि देहायमा उल्लेख भए अनुसार हुनेछ ।

(क) अनुगमन समितिको बैठक आवश्यकता अनुसार हुनेछ ।

(ख) अनुगमन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(ग) अनुगमन समितिले कारवाही गर्दा सम्वन्धित पदाधिकारीलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(घ) अनुगमन समितिले जाँचबुझ बाट देखिएको विवरण सहितको राय प्रतिवेदन सम्वन्धित कार्यपालिकामा पेश गर्नु पर्नेछ ,

(२) अनुगमन समितिको बैठक तथा जाँचबुझ सम्वन्धि अन्य कार्यबिधि समिति आँफैले तोक्न सक्नेछ ।

**१७. अनुगमन समितिका सदस्यहरुको सेवा वा सुविधा :** अनुगमन समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु स्थानीय तहले ताके बमोजिम हुनेछ ।

**१८. उजुरी :** (१) स्थानीय तहको कुनै पदाधिकारीले पेशागत आचार उल्लघंन गरेकोमा त्यस बिषयमा आचार संहिता अनुगमन समिति समक्ष उजुरी दिन सकिनेछ ।

(२) माथि (१) बमोजिम दिइने उजुरीमा कुन पदाधिकारीले कुन आचार उल्लघंन गरेको हो सोको आधार प्रमाण खुलाउनु पर्नेछ । स्थानीय तहले उजुरी फारमको नमुना बनाई सबैले सजिलै प्राप्त गर्नसक्ने स्थानमा राख्नुपर्ने छ ।

(३) उजुरी सम्वन्धमा कारवाही माग गर्दा अनुगमन समितिले उजुरवाला साग थप विवरण वा कागजात माग गर्न सक्नेछ ।

**१९. गोप्य राख्नुपर्ने :** (१) अनुगमन समितिले उजुरवालाको नाम गोप्य राख्नु पर्नेछ ।

(२) प्राप्त उजुरीका आधारमा कुनै पदाधिकारि माथि लागेको आरोम माथि छानविन जारी रहेको अवस्थामा आरोपित पदाधिकारीको नाम समेत गोप्य राख्नु पर्नेछ ।

**२०. जाँचबुझ :** (१) यस आचार संहितामा उल्लेखित आचारहरु को उल्लघंन गरेको बिषयमा अनगमन समितिको राय सुझाव वा प्रतिवेदन आवश्यक कारवाही का लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ,

प्रतिवेदन पेश गर्नुपूर्व सो समितिले देहायका प्रकृयाहरु पुरा गर्नु पर्नेछ ।

(क) कुनै पदाधिकारीका बिरुद्ध आचार संहिता उल्लघन गरेको कुनै उजुरी परेकोमा वा कुनै जानकारी प्राप्त भएकोमा त्यसको आधारमा अनुगमन समितिले कार्वाही गर्न आवश्यक छ वा छैन भनि जाँचबुझ गर्न वा गराउन सक्ने,

(ख) जाँचबुझ गर्दा कुनै पदाधिकारी उपर कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले त्यस्तो पदाधिकारीलाई सफार्य पेश गर्न उचित मौका दिनुपर्नेछ ।

(ग) सफाई पेश गर्ने मौका दिदा सम्वन्धित पदाधिकारी बिरुद्ध लागेको आरोप र त्यसको आधारहरु प्रष्ट गरी आवश्यक कारवाही का लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने ।

**२१. अनुगमन समितिको सिफारिस कार्यान्वयन गर्ने :** (१) अनुगमन समितिको यस आचार संहितामा उल्लेखित कुराहरुको पालना भए नभएको सम्वन्धमा आवश्यक राय, सुझाव तथा सिफारिस सहित कार्यान्वयन लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) अनुगमन समितिबाट प्राप्त प्रतिवेदन तथा राय, सुझाव र सिफारिस उपर कार्यपालिकामा छलफल गरि आवश्यक निर्णय सहित कार्यान्वयन गर्नुपर्नेछ ।

(३) आचार संहिताको पालनाका बिषयमा स्थानीय तहमा छलफल हुँदाका बखत सम्वन्धित पक्षका प्रतिनिधिहरु लाई सहभागि गराउन सकिनेछ ।

**२२. आचार संहिताको उल्लघंनमा सजाय :** (१) यस आचार संहिताको कार्यान्वयन गर्दा स्थानीय तहबाट सजायको रुपमा देहायमा उल्लेखित एक वा सो भन्दा बढी प्रकृयाहरु अपनाउन सकिनेछ ।

(क) सम्वन्धित पदाधिकारीलाई सचेत गराउने ।

(ख) आलोचना तथा आत्मालोचना गर्न लगाई सोको जानकारी सार्वजनिक गर्न लगाउने ।

(ग) सार्वजनिक सुनुवाइका लागि सार्वजनिक गर्ने गराउने,

(घ) प्रचलित ऐन कानुनको उल्लघंन भएका अवस्थामा सम्वन्धित निकायमा सुचना दिने र आवश्यक कार्वाहीका लागि लेखि पठाउने ।

(२) आरोपित पदाधिकारी माथि भएको कुनै पनि कार्वाहीका बिषयमा निज कुनै राजनितिक दल सँग आवद्ध भएको हकमा सम्वन्धित राजनितिक दललाई जानकारी गराउनुपर्ने ।

**२३. कार्वाहीको विवरण सार्वजनिक गर्नुपर्ने :** आचाँर संहिताको कार्यान्वयनका सम्वन्धमा पदाधिकारी माथि भएको कार्वाहीको विवरण आम जानकारीका लागि स्थानीय तहको सुचना पाटी र स्थानीय पत्रपत्रिकामा प्रकाशित गर्नुपर्नेछ । सोको जानकारी राजनितिक दलहरु सघिंय मामिला तथा स्थानीय बिकास मन्त्रालय, निर्वाचन आयोग, प्रदेश सरकारको सम्वन्धित बिभाग/निकाय, स्थानीय प्रशासनलाई गराउनुपर्नेछ ।

भाग ५

विविध

**२४. आचार संहिताको पालना गर्नु पदाधिकारिको कर्तव्य हुने :** यो आचार संहिताको पालना गर्नु पदाधिकारीको जिम्मेवारी तथा कर्तव्यको एक अभिन्न अंगको रुपमा रहनेछ ।

**२५. पदाधिकारीहरुलाई आचार संहिताको जानकारी दिनुपर्ने :** यो आचार संहिता स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी दिई हस्ताक्षर गराई लागु भएको जानकारी सार्वजनिक गर्नु पर्नेछ ।

**२६. आचार सहिता बारेमा जानकारी गराउने :** (१) स्थानीय पदका पदाधिकारीले यो आचार संहिता तथा यस आचार संहितामा समय समयमा भएको संशोधनको विवरण तथा आचार संहिताको कार्यान्वयनको विवरणहरुको जानकारी बार्षिक रुपमा स्थानीय तहका राजनितिक दलहरु, संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय तथा प्रदेश सरकारका सम्वन्धित निकायलाई गराउनु पर्नेछ ।

(२) यस आचार संहिताको दफा १४ बमोजिम गठित अनुगमन समितिले आफ्नो बार्षिक प्रतिवेदन सभाको सम्वन्धित समिति मार्फत सभामा पेश गर्नुपर्नेछ ।

**२७. आचार संहिताको कार्यान्वयनमा राजनितिक दलको सहयोग :** (१) कुनै पदाधिकारी बाट यस आँचार संहिताको उल्लघंन भएको ठहर भउमा निजमाथि लागेको आरोप तथा सो सम्वन्धमा सिफारिस भएको कार्वाहीको विवरण समेत सम्वन्धित पदाधिकारी सम्वद्ध राजनितिक दललाई जानकारी गराउनु का साथै सार्वजनीक समेत गर्नु पर्नेछ ।

(२) जाँचबुझका आधारमा पदाधिकारी उपर कार्वाहीका लागि भएको सिफारिसको कार्यान्वयन गर्ने वा सचेत गराउने काममा सरकारी निकाय एंव राजनितिक दलहरुको सहयोग लिन सकिनेछ ।

**२८. आचार सहिंतामा संशोधन :** (१) कार्यपालिका बाट आचार संहिताामा संशोधन गर्न सकिनेछ ।

(२) आचार संहितामा भएको संशोधनको जानकारी सम्वन्धित सवै पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरु लाई दिनुपर्नेछ ।

(३) निर्वाचित आचार संहितामा भएको संशोधनको व्यहोरा आम जनताको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ ।

(४) गाँउपालिकाले आफ्नो स्थानीय बिशिष्टता, कार्य प्रकृति र आवश्यकता अनुसार यस आचार संहितामा समय समयमा थप व्यवस्था समावेश गरि लागु गर्न सकिनेछ ।